# रामेछाप नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं. ०४८-४००११७ (प्रमुख)
०४८-४००११८ (उपप्रमुख)
०४८-४००११६ (प्र.प्र.अधिृत)
०४८-४०००१२ (प्रशासन)


प.सं.: ८२/०८२
च.नं.: २१०६

मितिः २०८२/०३/११
ने.सं. ११४५ तछलागा,

विषयः <u>मेलमिलापकर्ता सूचिकृत तथा अध्यावधिक गर्ने सम्बन्धी सूचना</u>

रामेछाप नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी ) ऐन, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) र (२) अन्तर्गत न्यायिक समितिको क्षेत्राधिकार प्राप्त विवाद न्यायिक समितिमा दर्ता हुन आएमा विवादका पक्षहरुबीच मेलमिलाप गराई मेलमिलापद्वारा विवाद निरुपण गर्ने प्रयोजनार्थका लागि रामेछाप नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी ) ऐन, २०७५ को दफा ५९ र ६० बमोजिम हुने गरी रामेछाप नगरपालिका स्थायी ठेगाना भै सम्बन्धित वडा तथा नगरभित्र स्थायी बसोबास गरी बस्ने मेलमिलापकर्ताको रुपमा काम गर्न ईच्छुक मेलमिलाप सम्बन्धी तालिम लिएका मेलमिलापकर्ताहरुलाई आ.व. २०८२/०८३ का लागि सूचिकृत हुन यो सूचना प्रकाशिन गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा सूचिकृत तथा अध्यावधिकको लागि आवश्यक कागजात निवेदन साथ संलग्न राखी अनुसूची -११ बमोजिमको ढाँचामा रित पूर्वक निवेदन कानून, न्याय तथा मानव अधिकार प्रवर्द्धन शाखामा पेश गर्नुहुन सरोकारवाला सम्पूर्णमा यो सूचना सूचित गरिन्छ ।

**रामेछाप नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ को दफा ५९ बमोजिम आवश्यक न्यूनतम योग्यताः**

क) कम्तिमा माध्यमिक तह उत्तीर्ण गरेको,
ख) कुनै राजनीतिक दल प्रति आस्था राखी राजनीतिमा सक्रिय नरहेको, तथा
ग) स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको,
घ) मेलमिलापकर्ताको ४८ घण्टा तालिम लिई मेलमिलापकर्ताको रुपमा काम गर्दै आएको ।
ङ) २५ बर्ष उमेर पुरा भएको ।

**नोटः** माथि योग्यतामा जुनसुकै कुरा लेखिएको भएता पनि तालिम लिई हाल काम गरिरहेकाको हकमा निजलाई निरन्तरता दिन सकिने ।

<u>संलग्न गर्नुपर्ने कागजातहरुः</u>

१) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी १ थान
२) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी १ थान
३) तालिमको प्रमाणपत्रको प्रतिलिपी १ थान
४) हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ थान

..............................
(भोला प्रसाद चापागाई)
प्रमुख प्रशासकीय अधिकृत

भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत